# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष २, अङ्क १७, भाद्र २०७८

www.ntv.org.np

**यस अंकमा**

नेपाल टेलिभिजन संस्थानले संस्थान भित्र भएगरेका विविध गतिविधिहरुलाई समेटेर आमदर्शक एवम् सम्बन्धित सरोकारवाला सबैको जानकारीकालागि मासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्दै आइरहेको छ । २०७८ साल भाद्र महिनामा प्रकाशित यो अंक इ-बुलेटिनको सोह्रौं अंक हो ।


- प्रशासनः प्रविधिमैत्री प्रयास र पहल
- समाचारः सचेतना केन्द्रीत समाचार सामग्री
- एनटिभी प्लसः प्लसमा विभिन्न विषय सम्वन्धित कार्यक्रम प्रसारण
- कार्यक्रमः केहि नयाँ केहि नियमित कार्यक्रमहरु
- व्यापारः सैंतिस करोड बढीको सम्झौता र सहकार्य
- अपरेशनः नयाँ कार्यक्रमहरु निर्माण
- योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्वन्धः क्षमता विस्तार र कार्यक्रम निर्माणमा मन्त्रालयको सहयोग
- इञ्जिनियरिङः स्याटलाइटको अल्पकालिन सम्झौता
- एनटिभी कोहलपुरः नयाँ कार्यक्रम निरन्तर
- एनटिभी इटहरीः सहकार्यका लागि विभिन्न सम्झौता

## प्रविधिमैत्री प्रयास र पहल

संस्था र संस्थासंग आवद्ध कर्मचारी एवम् सञ्चारकर्मी पत्रकारहरुबीचको सञ्चारलाई बहुउपयोगी र प्रविधिमैत्री बनाउन प्रयासहरु शुरु गरिएको छ। संस्थानको व्यवस्थापन तहबाट जारीहुने विभिन्न सूचना र जानकारीहरुलाई प्रविधिको प्रयोग मार्फत सबै सरोकालवालाहरु समक्ष पुर्याउन पहल भइरहेको छ । आन्तरिक सूचना र जानकारीहरु, कर्मचारी सम्वद्ध अन्य बाहिरी सूचना एवम् जानकारीहरुलाई कर्मचारीहरुको इमेल ठेगानामा सिधैं पठाउने प्रवन्ध मिलाइएको छ । यसले सांगठनिक सूचना प्रणालीलाई व्यवस्थित गर्ने सूचनाहरुको तत्काल वितरण संभव हुने अपेक्षा गरिएको छ ।


## सम्पत्ति विवरण सङ्कलन

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "प्रत्येक सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० (साठी) दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अध्यावधिक विवरण नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्ने" कानूनी व्यवस्था छ । यस्तै भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३८(ग) मा "सार्वजनिक पदधारण गरेका व्यक्तिले प्रचलित कानून बमोजिम दिएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने" कार्य राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ ।" सोही बमोजिम नेपाल टेलिभिजनका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुले भरी संस्थानमा बुझाएका आ. व. ०७७।७८ को सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रबाट उपलब्ध गराइएको वेबसाइटमा प्रविष्ट गराउने कार्य सम्पन्न गर्नुका साथै उक्त सम्पत्ति विवरण तालुक एवं तोकिएको निकाय सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुझाउने कार्य सम्पन्न गरियो ।



## सचेतना केन्द्रीत समाचार सामग्री

कोरोना महामारी र त्यसले निम्त्याएको संकटलाई कम गर्दै नेपाल सरकारले गत महिनाबाटै निषेधाज्ञाको अवस्था अन्त्य गरेको छ । खोपको सुनिश्चितता र उपलब्धता सबैको चासो बनिरहेको अवस्थामा भदौ महिना भर नै समाचार च्यानलबाट महामारीको अवस्था, विज्ञहरुको सल्लाह, सुझाव र त्यस सम्वन्धमा आधिकारिक धारणाहरु समाचार एवम् समाचारमुलक सामग्रीको रुपमा प्रसारण भइरह्यो । स्वास्थ्य मन्त्रालयबाट नियमित रुपमा हुदै आइरहेको प्रेस ब्रिफिङको प्रत्यक्ष प्रसारण संगै समाचार निर्माण, कोरोना केन्द्रीत कार्यक्रम कोरोना केयर जस्ता कार्यक्रमहरुले महामारीबाट सरक्षित रहदै कसरी दैनिक कार्य सञ्चालन गर्दै अघी बढ्ने भन्ने विषयमा महत्वपूर्ण जानकारीहरु दिइ नै रह्यो । यसैगरी सरकार र आमनागरिकको समेत पहिलो चासो बनिरहेको कोरोना विरुद्धको खोपसंग सम्वन्धित विषयवस्तुहरु समाचार च्यानलका बुलेटीन र विभिन्न कार्यक्रमहरुमा प्रसारण भयो ।



## सरकार र संसदका समाचार

नेपाल टेलिभिजनको समाचार च्यानलले सधैं सरकारको नीति कार्यान्वयन र त्यसबारेमा आमनागरिकहरुलाई तथ्यगत र आधिकारिक जानकारी दिने माध्यमको रुपमा भूमिका निर्वाह गर्दै आइरहेको छ । सधैं जस्तै भदौ महिनामा पनि समाचार च्यानलबाट सरकारका गतिविधि, मन्त्रिपरिषद् बैठक र त्यसका निर्णयहरु एवम् विभिन्न मन्त्रालय तथा सरकारी निकायहरुले गरेका काम कारबाही सम्वन्धित समाचार सामग्रीहरु निर्माण र प्रसारण भए । यसैगरी संसदीय गतिविधि, संघीय संसदका दुबै सदनको बैठक र त्यसमा भएका छलफल एवम् निर्णयहरु, विभिन्न संसदीय समितिहरुको बैठक र त्यसले गरेका निर्णयहरु जस्ता विषयवस्तुहरुको समाचार सङ्कलन र प्रसारण गर्ने काम पनि भदौ महिनामा भइ नै रह्यो । यसले जनताका निर्वाचित प्रतिनिधिहरुले आमजनताको पक्षमा गरेका काम कारबाहीहरुको जानकारी देश विदेशमा समेत पुर्याउन मद्दत गरेको छ ।



## प्लसमा विभिन्न विषय सम्वन्धित कार्यक्रम प्रसारण

भदौ महिनामा एनटिभी प्लसका आन्तरिक उत्पादनका कार्यक्रमहरु यसैगरी पुराना वृत्तचित्र, गीतहरु, भजन, फिलर सहितका कार्यक्रमहरुको उत्पादन र प्रसारण भयो । च्यानलको निरन्तर प्रसारणका क्रममा निम्न बमोजिम कार्यक्रमहरुको उत्पादन र प्रसारण भयो ।

१ नेपाल सरकार स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ शिक्षा, सूचना तथा संचार केन्द्र र नेपाल टेलिभिजन बीच २०७७ श्रावण २९ गते भएको सम्झौता अनुसार एनटिभी प्लसबाट दैनिक विहान ७:०० बजे देखि ८:०० बजे प्रसारण भैरहेको स्वस्थ जीवन कार्यक्रम ३१ भाग प्रसारण भयो ।




२ नेपाल कृषि अनुसन्धान परिषद र नेपाल टेलिभिजनबीच भएको सम्झौता अनुरुप कृषि अनुसन्धान र प्रविधी नामक कार्यक्रम जम्मा ४ वटा प्रसारण भयो ।

३ अमेरिकी प्रसारण संस्था 'भ्वाइस अफ अमेरिका (VOA)' संगको सहकार्यमा प्रसारण हुदै आएको कार्यक्रम ४ वटा प्रसारण भयो ।

४ साप्ताहिक कार्यक्रम Sports Adventure जम्मा ४ वटा प्रसारण भयो ।

५ साप्ताहिक कार्यक्रम Beatuy Pageant Journey जम्मा ३ वटा प्रसारण भएको छ ।

६ साप्ताहिक कार्यक्रम अन्तरध्वनीको ४ वटा भाग प्रसारण भयो ।

७ सातामा ५ दिन प्रसारण हुने कार्यक्रम World Sports २३ वटा प्रसारण भयो ।

८ भदौ महिनामात बाहिर बाट निर्माण भै आउने नियमित दैनिक तथा साप्ताहिक कार्यक्रमहरु गरी एनटिभी प्लसमा जम्मा ७५ वटा कार्यक्रमहरु प्रसारण भएको छ । त्यस्ता कार्यक्रमहरुमा दैनिक शैक्षिक कार्यक्रम, हास्य शृंखला - अति भो, समृद्धिको बाटोमा, अनमोल हेल्थ, प्रबर्धन आयुर्वेदा, प्रयास लगायत छन् । यसैगरी पोखरामा भैरहेको रियालिटी शो "Nepal Golden Idol", Clap Board , बाल सरोकार, दिगो बहस र सक्छिन छोरी पनि प्रसारण भए ।



Business Hour, Youth TV Show, Sports Magazine, एनआर एन टिभी शो र क्ल्यापबोर्ड भदौ महिनामा एनटिभी प्लसबाट प्रसारण भएका अन्य कार्यक्रमहरु हुन् । बाहिरबाट निर्माण भै आउने पटके कार्यक्रम तथा वृत्तचित्रहरु पनि आठ वटा प्रसारण भएको छ । यसरी नयाँ कार्यक्रम, वृत्तचित्र र PSA समेत गरी भदौ महिनामा कुल १५६ वटा कार्यक्रमहरु प्रसारण भयो ।

## केहि नयाँ केहि नियमित कार्यक्रमहरु

आम दर्शकलाई शिक्षा, स्वास्थ्य, समावेशिता, विकास लगायत समग्र देशका बारेमा सूचना सम्प्रेषण गर्ने जिम्मेवारी पाएको नेपाल टेलिभिजनले आफ्नो कर्तव्य निभाउँदै आएको छ । कोरोना भाइरसको महामारीका बिचमा पनि आफ्ना कार्यक्रम मार्फत् नेपाल टेलिभिजनले दर्शकलाई सुसूचित गराउँदै आइरहेको छ ।

## परिसंवाद

हरेक वर्ष भाद्र १५ गते मनाइने पुस्तकालय दिवसको अवसरमा पुस्तकालयको आवश्यकता, महत्व र विकाससँग सम्बन्धित विषयमा परिसंवाद उत्पादन तथा प्रसारण गरियो । सो कार्यक्रम मार्पmत नेपालमा हाल पुस्तकालको अवस्था, आवश्यकता र नीतिगत व्यवस्थाका बारेमा विज्ञहरुसँग छलफल गरियो । यसै गरी निजामती सेवा दिवस, राष्ट्रिय विज्ञान दिवस र राष्ट्रिय सूचनाको हक दिवस सम्बन्धित विषयमा परिसंवाद उत्पादन तथा प्रसारण गरियो ।

## प्रत्यक्ष प्रसारण

नेपाली हिन्दू महिलाहरुको विशेष चाड हरितालिका तिजको अवसरमा तिज विशेष कार्यक्रम प्रत्यक्ष प्रसारण गरियो । कार्यक्रममा तिज गीतमा गायनका साथै नृत्य पनि समेटिएको थियो ।



## नयाँ कार्यक्रम निर्माण र प्रसारण

बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सहकार्यमा प्रदेश कृषि दर्पण कार्यक्रम उत्पादन गरी प्रसारण समेत भएको छ । यो कार्यक्रममा मन्त्रालयले वृmषि भूमि र सहकारीको क्षेत्रमा गर्दै आएका कामहरुका बारे जानकारी दिइने गरिन्छ ।

## नियमित कार्यक्रमहरुको निरन्तरता

यसका साथै नियमित कार्यक्रमहरु दोहोरी च्याम्पीयन, संघर्ष, कोभिड हटलाइन, कोभिड १९ प्रेस ब्रिफिङ, रोजगार हाम्रो सरोकार, समृद्ध नेपाल, आजको चर्चा, सुशासन सवाल, आजको विज्ञान, कोरोना केयर टक, जनस्वास्थ्य बहस, सुरक्षित नेपाल, दलित सवाल र जीवनचक्र कार्यक्रमहरु प्रसारण भए । यसैगरी देशको संगीत, विश्वास, महिला अधिकार, योग र जीवन, ज्योतिष मन्थन, संगीत तरंग, चौतारी र चिल्ड्रेन्स क्लब कार्यक्रमहरु निर्माण तथा प्रसारण भए । दैनिक रुपमा प्रसारण हुने कृषि कार्यक्रमहरु वृmषिमा संवाद, नविन कृषि प्रविधि, किसान प्रश्न मञ्च, कृषिमा महिला, सफल कृषक र कृषि गतिविधि निर्माण तथा प्रसारण भए ।




सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा निर्माण हुने विभिन्न भाषाभाषीका कार्यक्रमहरु पनि यो महिना प्रसारण भए । नेपाल भाषाको नेवा दबु, भोजपुरी भाषाको भोजपुरी आवाज, थारु भाषाको समाद, अवध भाषाको अवध दर्शन, तामाङ भाषाको तुम्दुङ र मैथिली भाषाको चौवटीया कार्यक्रमहरु प्रसारण भए ।

आम दर्शकमाझ निरन्तर रुपमा सूचना, जानकारी र सन्देश प्रवाह गर्नुपर्ने दायित्वलाई अझ सशक्त रुपमा निर्वाह गर्दै नेपाल टेलिभिजनले विभिन्न विषयमा परिसंवाद, विशेष संवाद, वृत्तचित्र र जनचेतनामूलक सन्देशहरुहरु निर्माण गर्दै आएको छ । यसैक्रममा जेवी टुहुरेको जीवनी समेटिएको वृत्तचित्र पनि निर्माण तथा प्रसारण भयो ।






## सैंतिस करोड बढीको सम्झौता र सहकार्य


आ.व २०७८।७९ का लागि नेपाल टेलिभिजनका ५ वटै च्यानलहरुको कुल रु ३७ करोड ८२ लाख ४१ हजार १ शय ६० को सम्झौता तथा सहकार्य सम्पन्न भएको छ । सञ्चालक समितिबाट संस्थानका पाँच वटै च्यानलहरुको तोकिएको रु. ५४ करोड ६० लाख १५ हजार बार्षिक लक्ष्य पुरा गर्ने क्रममा भदौ महिना सम्म यो परिणाममा व्यापारिक सम्झौता सम्पन्न भएको हो । भदौ महिनामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, हेटौडा, बागमती प्रदेश, भुमी व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय सहकारी विकास बोर्ड, बीमा समिति, काठमाण्डौ महानगरपालिका, बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालय लगायतसंग कार्यक्रम र टेलिसन्देश लगायत निर्माण र प्रसारणका लागि सम्झौंता सम्पन्न भएको छ । सरकारी निकाय अन्तर्गत भाद्र मसान्तसम्म नेपाल टेलिभिजन राष्ट्रिय प्रसारणतर्फ कुल रु ६ करोड २३ लाख ८६ हजार ४ सय ५६ को सम्झौंता भएको र एन.टि.भि समाचारतर्फ कुल रकम रु ३५ लाख २० हजारको सम्झौंता भएको छ । यसले कोभिड १९ का कारण संकुचन भएको विज्ञापन बजारमा पनि नेपाल टेलिभिजनको व्यापारिक सम्झौता तथा सहकार्य सकारात्मक रहेको देखिएको छ ।



संचालक समितिको मिति २०७८।०३।१७ को निर्णय नं. ६१२७ अनुसार संस्थानको व्यापार सुरक्षा र थप आम्दानी सुनिश्चित गर्न आ.व २०७८।७९ मा सम्झौंता भएका विज्ञापन एजेन्सीहरुलाई सम्झौंता निरन्तरता गर्न पत्राचार गरी सम्झौताका लागि पहल गरिएकोमा अधिकांस एजेन्सीहरुसंगको सहकार्य सम्झौंता नविकरण निरन्तर भएको छ । सरकारी निकायसंगको व्यापारिक समन्वय तथा सहकार्यबाट सम्झौता सम्पन्न हुदै आईरहेकोमा थप सहकार्यका लागि पहल हुदै आईरहेको छ । संस्थानको व्यापार निर्देशिका अनुसार कार्यक्रम खाली समयस्लट तथा विज्ञापन प्याकेज बिक्रिका लागि समेत नियमित पहल हुदै आईरहेको छ ।


यहि महिना व्यापारिक सहकार्यका लागि केन्द्रिय तथ्याङ्क विभागका उपमहानिर्देशक एवम् वी.पी कोईराला मेमोरियल प्लानेटेरियमका सह कार्यकारी निर्देशकसंग व्यवसायिक छलफल एवं बैठक पनि सम्पन्न भएको छ ।





## नयाँ कार्यक्रमहरु निर्माण

अपरेशन महाशाखाका कर्मचारीहरुको संलग्नतामा भाद्र महिनामा बढी भन्दा बढी Outdoor र Indoor कार्यक्रमहरु उत्पादन भए । नेपालमा कोरोनाको संक्रमण दर ओरालो लागेसंगै सबै क्रियाकलापहरु समान्यीकरण हुंदै जाने क्रममा रोकिएका कार्यक्रमहरुको उत्पादन सुरु भएकाले अपरेशन महाशाखा अन्तर्गतका कर्मचारीहरुको व्यस्तता यस अवधिमा निकै बढ्यो । यस बाहेक कोभिड-१९ को नियन्त्रण र सचेतना सम्बन्धी दैनिक कोभिड हटलाइनको प्रत्यक्ष प्रसारण र स्वास्थ्य मन्त्रालयले हरेक हप्ताको बुधवार गर्दै आइरहेको साप्ताहिक प्रेस ब्रिफिङ्गको प्रत्यक्ष प्रसारणले पनि यो महिना निरन्तरता पाइरह्यो । यसैगरी दैनिक स्वस्थ्य जीवन कार्यक्रम उत्पादन, साप्ताहिक कोरोना केयर रेकर्डिङ्ग जस्ता कोरोनासंग सम्बन्धित विशेष कार्यक्रमहरुको उत्पादन र प्रत्यक्ष प्रसारणहरुमा पनि  यो महिना पनि नियमित रहे । यसका साथै नियमित समाचार तथा कार्यक्रम छायांकन, प्रसारण, दृश्य सम्पादन र डबिङ्ग जस्ता गतिबिधिहरुमा पनि अपरेशन महाशाखा अन्तरगतको प्रत्यक्ष संलग्नता रह्यो । त्यस्तै यो महिना कर्मचारी युनियनको तीज विशेष कार्यक्रको प्रत्यक्ष प्रसारण र मेगा दोहोरी रियालिटि शो ‘दोहोरी च्याम्पियन’ का टप ४ सम्मका सबै भागहरु समेत स्टुडियोमै उत्पादन सम्पन्न भए ।



## क्षमता विस्तार र कार्यक्रम निर्माणमा मन्त्रालयको सहयोग

भदौ महिनामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल टेलिभिजनबीच टेलिभिजनको प्राविधिक क्षमता विस्तार एवम् कार्यक्रम निर्माणका लागि महत्वपूर्ण सम्झौताहरु सम्पन्न भएका छन् । नेपाल टेलिभिजनको प्रसारण क्षमता विस्तारको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले रु.३ करोड सहयोग प्रदान गरेको छ । यसैगरी टेलिभिजनको Digital Archiving को लागि १ करोड रुपैंया पनि मन्त्रालयले प्रदान गरेको छ । विभिन्न भाषाभाषिको कार्यक्रमको लागि ९१ लाख रुपैंया तथा सूचना प्रविधि सम्बन्धी कार्यक्रमको लागि रु.५० लाख गरी जम्मा रु ५ करोड ४१ लाख अनुदानको सम्झौता नेपाल टेलिभिजन र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकाबीच सम्पन्न भएको छ ।

यसैगरी भदौ महिनामा महाशाखाले नेपाल टेलिभिजनको तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा टेलिभिजनको भदौ महिनाको प्रगति विवरण पेस गर्ने कार्य पनि सम्पन्न गरेको छ ।



## स्याटलाइटको अल्पकालिन सम्झौता

गत महिनाहरुमा जस्तै नेपाल टेलिभिजनका दैनिक प्रसारण तथा प्रत्यक्ष प्रसारणका कार्यहरु नियमित गर्न इञ्जिनियरिङ्ग महाशाखा र यस अन्तरगतका शाखा तथा तिनमा रहेका कर्मचारीहरुको भुमिका भदौ महिनामा पनि उल्लेख्य रहयो ।

नियमित बाहेक महाशाखाले यो महिना नेपाल सरकारले चालु आवको वजेट वक्तव्यमा उल्लेख गरे अनुरुप नेपाल टेलिभिजनको छुट्टै अन्तर्राष्ट्रिय च्यानल NTV World को विभिन्न परियोजनाहरुको टेण्डर प्रक्रिया अगाडि बढाउन काम शुरु गर्यो ।

यसैगरी स्याटेलाइटको Band Width खरिद सम्बन्धी टेन्डर प्रक्रिया हाल स्थगित भएकोले पहिलेको दरभाउ प्रति महिना प्रति मेगाहर्ज US$ ४९२ मा घटाइ मासिक रुपमा रु.१४,५०, ०००/- भन्दा कम हुनेगरी ३ महिनाको लागि सम्झौता गरिएको छ ।



## नयाँ कार्यक्रम निरन्तर

एनटिभी कोहलपुरको स्वीकृत वार्षिक कार्यक्रम अनुसार थप कार्यक्रमहरुको उत्पादन तथा प्रसारण प्रारम्भ भएको छ । साप्ताहिक रुपमा समसामयिक विषयमा आधारित कार्यक्रम प्राइम टक र युवा लक्षित कार्यक्रम युवा सरोकारको उत्पादन तथा प्रसारण यसै महिनादेखि सुरु भएको छ । अबध भाषाको कार्यक्रम अबध आवाजको पनि उत्पादन तथा प्रसारण सुरु भएको छ । यसैगरी विभिन्न पालिकासंगको सहकार्यमा घोराही दर्पण, हाम्रो कोहलपुर र हाम्रो नरैनापुरको उत्पादन तथा प्रसारण सुरु भएको छ भने सीमा क्रियटिभ हाउसले समय खरिद गरी एनटिभी कोहलपुर मार्फत् समृध्द राप्ती नामक कार्यक्रम प्रसारण गरिरहेको छ ।






## समाचारमा सांकेतिकरण



भदौ १ गतेदेखि बेलुका ७ बजेको एनटिभी कोहलपुर समाचार नेपाली सांकेतिक भाषामा पनि प्रसारण हुन थालेको छ । बेलुका ७ बजेको समाचारलाई सांकेतिक भाषामा समेत प्रसारण गर्न लुम्बिनी प्रदेशको सामाजिक विकास डिभिजन कार्यालय र एनटिभी कोहलपुरबीच सम्झौता भएको हो । यसैगरी भदौ १ गतेदेखि बेलुका ७ बजेको एनटिभी कोहलपुर समाचारको प्रस्तुतिमा समेत परिमार्जन गरिएको छ भने समाचार बुलेटिनमा नयाँ सेग्मेण्टहरु थप गरिएको छ ।

## बढ्दै व्यापार




कोहलपुर नगरपालिकासंग हाम्रो कोहलपुर कार्यक्रम उत्पादन तथा प्रसारणका लागि रु ४९७,२००/- को सम्झौता सम्पन्न भएको छ । जनतासंग मेयर कार्यक्रम उत्पादन तथा प्रसारणका लागि बारबर्दिया नगरपालिकासंग रु ६७८,०००/- को सम्झौता सम्पन्न भएको छ । हाम्रो लमही कार्यक्रम उत्पादन तथा प्रसारणका लागि लमही नगरपालिका र एनटिभी कोहलपुरबीच रु ९९४,४००/- को सम्झौता सम्पन्न भएको छ भने जनतासंग जनप्रतिनिधि कार्यक्रम उत्पादन तथा प्रसारणका लागि राप्तीसोनारी गाँउपालिका र एनटिभी कोहलपुरबीच रु ८००,०००/- को सम्झौता सम्पन्न भएको छ । राप्तीसोनारी गाँउपालिकाले नै थारु भाषाको कार्यक्रम फूलऱ्या रु ४१५,८४०/- मा प्रायोजन गरिदिएको छ । यस्तै हाम्रो नरैनापुर कार्यक्रम उत्पादन तथा प्रसारणका लागि नरैनापुर गाँउपालिका र एनटिभी कोहलपुरबीच रु ४९७,२००/- को सम्झौता भएको छ । एनटिभी कोहलपुरमा दर्ता भएको विज्ञापन एजेन्सी सीमा क्रियटिभ हाउस र एनटिभी कोहलपुरबीच सम्झौता भै कार्यक्रम समृध्द राप्ती प्रसारण भइरहेको छ । यो संगै भदौ महिनामा मात्रै रु ३,९९४,५१०/- को सम्झौता सम्पन्न भएको छ । चालू आर्थिक वर्षमा हाल सम्म जम्मा रु १४,८३४,११०/-को व्यापारिक सम्झौता भएको छ ।

## स्टुडियो तथा प्राङ्गण स्तरोन्नती

एनटिभी कोहलपुरको अनुरोधमा कोहलपुर नगरपालिका वर्डा नम्वर ११ को पहल र सहयोगमा कार्यालय प्राङ्गण स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ । लगातार परेको पानीले डुबानको समस्या बढ्दै गएपछि यस च्यानलले वडा कार्यालयलाई अनुरोध गरेको थियो । यता  एनटिभी कोहलपुरको Acoustic गर्ने कार्य पनि सुरु भएको छ । कार्यालय भवनको छत चुहिएर महत्वपूर्ण उपकरणहरुको सुरक्षा चुनौती बढिरहेका बेला यो समस्या सम्बोधन गर्न आवश्यक मर्मत कार्य पनि सम्पन्न भएको छ ।



## सहकार्यका लागि विभिन्न सम्झौता

एनटिभी इटहरी च्यानलले प्रदेश सरकार, विभिन्न स्थानीय सरकार र नीजि क्षेत्रसंग कार्यक्रम उत्पादन तथा प्रसारणका लागि सहकार्य सम्झौतामा हस्ताक्षर गरेको छ । श्रावण र भदौ महिनामा एनटिभी इटहरीले १ करोड ५३ लाख १९ हजार ६ सय ८ रुपैयाँको सम्झौता सम्पन्न गरेको छ । एनटिभी इटहरीले प्रदेश नं १ सरकारसंग हालसम्म ९२ लाख ९९ हजार रुपैयाँको सम्झौता भएको छ । त्यसैगरी प्रदेश नं २ सरकारसंग ३० लाख रुपैयाँको सहकार्य सम्झौता भएको छ । श्रावण र भदौ महिनामा स्थानीय सरकारसंग २२ लाख १० हजार रुपैयाँको सम्झौता भएको छ । अव रातो कितावमा उल्लेखित शीर्षक अनुसार प्रदेश १ सरकासंग २४ लाख र प्रदेश २ सरकारसंग २० लाख रुपैयाँको सम्झौता हुन बाँकी छ । त्यसैगरी पर्साको विरगज महानगरपालिका, रौतहटको गौर नगरपालिका, सुनसरीको धरान उपमहानगरपालिका र मोरङको कानेपोखरी गाउँपालिकासंगको सम्झौता पनि सम्पन्न भएको छ । यसका साथै एनटिभी इटहरीले समय विक्रिबाट ३ लाख ८९ हजार ८ सय ५० रुपैयाँ आम्दानी गरेको छ । एनटिभी इटहरीले विज्ञापन र वृत्तचित्र प्रसारणबाट उत्साहजनक आम्दानी गरेको छ ।।



## सहकार्यमा प्रदेश नं २ सरकार



एनटिभी इटहरी च्यानलले प्रदेश नं २ सरकारसंग प्रदेश डायरी निर्माण तथा प्रसारणका लागि सहकार्य सम्झौता गरेको छ । प्रदेश नं २ को प्रदेश डायरी कार्यक्रम एनटिभी इटहरीबाट प्रत्यक शनिवार साँझ ७ वजेको समाचारपछि र एनटिभी न्यूजबाट सोमवार साँझ ७ वजेको समाचारपछि प्रसारण हुने छ । प्रदेश २ सरकारले साप्ताहिक कार्यक्रम प्रदेश डायरी निर्माण तथा प्रसारणका लागि पहिलो पटक सहकार्य गरेको हो । त्यसैगरी प्रदेश २ का धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरुको प्रवद्र्धनका लागि भिडियो फिलर निर्माण तथा प्रसारणका लागि उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयले २० लाख रुपैयाँ वजेट विनियोजन गरेको छ ।।

## स्थानीय सरकारसंगको सहकार्य

एनटिभी इटहरीले स्थानीय सरकारसंगको सहकार्यका लागि नियमित कार्यक्रम निर्माण तथा प्रसारण र पालिका प्रोफाइल नामक कार्यक्रम संचालन गरेको छ । संघीयताको कार्यन्वयनसंगै स्थानीय सरकारको गठनपछि विकास निर्माण, स्वास्थ्य, शिक्षा र सेवा प्रवाहमा भएका परिवर्तन र नागरिकका आवाज र अपेक्षालाई समेटेर तयार गरिने कार्यक्रमका लागि विभिन्न स्थानीय सरकारले सहकार्य सम्झौता गरेका छन् । स्थानीय सरकारको आवश्यकता र दर्शकको रुचीको कार्यक्रम निर्माण तथा प्रसारणका लागि विभिन्न स्थानीय सरकारले अभिरुची पनि देखाएका छन् । नियमित कार्यक्रम निर्माण तथा प्रसारणका लागि पर्साको वीरगंज महानगरपालिकासंग सहकार्य सम्झौता सम्पन्न गरी भदौ महिनाबाटै हाम्रो वीरगंज राम्रो वीरगंजको उत्पादन तथा प्रसारण शुरु भएको छ । यसैगरी हाम्रो धरान कार्यक्रमको उत्पादन तथा प्रसारणका लागि निरन्तरता सम्झौता सम्पन्न भएको छ ।।

## समावेशी कार्यक्रम उत्पादन तथा प्रसारणमा सक्रियता

एनटिभी इटहरीले प्रदेश नं १ र २ मा बढी वोलिने भाषाहरुको कार्यक्रम प्रसारण सुरु गरेको छ । राष्ट्रिय प्रसारण नेपाल टेलिभिजनबाट प्रसारित लिम्वु भाषाको कार्यक्रम तुम्दङ, थारु भाषाको कार्यक्रम समाद, मैथिली भाषको कार्यक्रम चौबटीया र भोजपुरी भाषाको कार्यक्रम भोजपुरी आवाजको प्रसारण शुरु गरेको छ । यसैगरी समावेशी समाज नामक कार्यक्रमको छाँयाङ्कन गरी असोज महिनाबाट प्रसारणको तयारी गरेको छ । एनटिभी इटहरीले सवै राई भाषीहरुलाई समेट्ने गरी सुप्तुलुङ सेवा नामक कार्यक्रमको उत्पादन तथा प्रसारणको तयारी पनि गरेको छ । एनटिभी इटहरीले लिम्वु भाषा, थारु भषा र मैथिली भाषाका गीतहरुका साथै किराँत मिथकका कथाहरु शीर्षकमा गीतहरुको प्रसारण पनि शुरु गरेको छ ।।

